# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या: १३/०७७
अध्यक्षता: नगर प्रमुख श्री हरिकुमार राना
मिति: २०७७/०६/२५
उपस्थिति:

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | |
| लेखा अधिकृत | श्री रामचन्द्र घिमिरे | |
| अधिकृत | श्री चुडामणी त्रिटोला | |

सहायक -श्री सौजन कट्वाल

**अर्जुनधारा नगर कार्यपालिकाको मिति २०७७/०६/२५ गते बसेको बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो।**

१. अर्जुनधारा नगरपालिका वडा नं ३ स्थित भोर्लेनीमा १ थान सुकेको सखुवाको रुख ढल्न लागेको र वडा नं ११ स्थित देउनिया सडक आसपासमा घर नजिक समेतका ३ थान रुखहरु तत्काल कटान नगरिएमा भौतिक तथा मानवीय क्षतिको उच्च जोखिम रहेको र तत्काल हटाउनुपर्ने भएकाले उक्त रुखहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालय झापा समक्ष अनुरोध गर्ने। साथै अर्जुनधारा नगरपालिका भित्र भौतिक तथा मानवीय क्षतिको जोखिमका कारण काट्नै पर्ने अवस्थामा रहेका रुखहरुको निरिक्षण गरी तथ्यपरक तवरले वडागत प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गरी जिम्मेवारी दिने निर्णय गरियो।(क.प्र. शाखा)

| | | |
|---|---|---|
| १. | संयोजक,वातावरण तथा विपद व्यवस्थापन समिति श्री लक्ष्मी तामाङ्ग | संयोजक |
| २. | सम्बन्धित वडाका वडा अध्यक्षले तोकेको वडा सदस्य | सदस्य |
| ३. | असिस्टेण्ट सव इञ्जिनियर श्री छविरमण पोखरेल | सदस्य सचिव |

१. निम्न बमोजिमको कार्यहरु गर्नका लागि देहायानुसारको बजेट विनियोजन गर्ने।

क. कोभिड १९ प्रकोप रोकथामका लागि होल्डङ सेण्टर तथा क्वारेन्टिनको रुपमा उपयोग गरिएको शनिश्चरे माध्यमिक विद्यालयको रंगरोगन, फर्निचर मर्मत तथा अन्य पुनर्निर्माणका लागि प्राविधिक लागत स्टमेट अनुसार रु १०,३०,१३५.१४/-(दश लाख तिस हजार एक सय पैतिस रुपैया चौध पैसा) रकम विपद् व्यवस्थापन कोषबाट विनियोजन गरी उक्त योजना सञ्चालनका लागि प्रचलित नियमानुसार ठेक्का बन्दोवस्त गर्ने।योजना/आर्थिक प्रशासन शाखा)

ख. अर्जुनधारा नगरपालिका वडा नं ६ बिहानी टोल स्थित गरमकाली मन्दिर परिसरमा सामुदायिक भवन निर्माणका आगामी आर्थिक वर्षमा भुक्तानी व्यवस्था हुने गरी हाललाई रु ५ लाख बजेटको श्रोत सुनिश्चित गर्ने र उक्त कार्यक्रमका लागि आगामी बजेट सभामा अनिवार्य रुपमा कार्यक्रम र बजेट पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। (योजना/आर्थिक प्रशासन शाखा)

ग. वर्षातको समयमा आएको बाढी नियन्त्रणका लागि वडा नं ८ तथा बुद्धशान्ति गाउँपालिकाको सिमानामा रहेको विन्धुली बाँध तथा वडा नं ५ को पानिकलमा प्रयोग गरिएको स्काभेटरको ३४ घण्टाको उपभोग तथा ढुवानी खर्च प्रचलित दररेट अनुसार विपद व्यवस्थापन कोषबाट बिल भरपाइ अनुसार भुक्तानी गर्ने।(आर्थिक प्रशासन शाखा)

घ. वडा नं ४ र ११ मा रहेको मदन आश्रित शालिक परिसर रंगरोगन तथा घेरावारा गर्नका लागि बजेट माग भई आएकोमा उक्त शालिक परिसरको निरीक्षण एवं प्राविधिक अनुगमन गरी २०७७ सालको दशैं अगाडि नै लागत स्टमेट तयार गरी पेश गर्ने।(प्राविधिक शाखा)

ङ. वडा नं १० स्थित सिंहदेवी प्रा. वि. मा शौचालय निर्माणका लागि बजेट माग भई आएकोमा उक्त कार्यका लागि प्राविधिक लगत स्टमेट तयार गर्ने।(प्राविधिक शाखा)

२. अर्जुनधारा नगरपालिकामा साविकका खुदुनाबारी गाविस(हाल वडा नं १ ,२ र ३),अर्जुनधारा गाविस(हाल वडा नं ४,५ र ७) तथा शनिश्चरे गाविस(६,८,९,१०,११) मा विपदको समयमा जोखिम न्यूनिकरण गर्न सेल्टरको समेत प्रयोग गर्न सकिने , सामुदायिक भवनको रुपमा समेत प्रयोग गर्न मिल्ने तथा अन्य समयमा नियमित खेल गतिविधि गर्न सकिने गरी १/१ वटा बहुउद्देश्यीय कभर्ड हल निर्माणका लागि उपयुक्त स्थानमा जग्गा व्यवस्था समेत गरी सम्बन्धित वडा अध्यक्षहरुले सिफारिस गर्न निर्णय गरियो।(क.प्र.शाखा)

३. शनिश्चरे आयुर्वेद औषधालयको सेवा केन्द्र अर्जुनधारा नगरपालिकाका वडाहरुमा विस्तार गर्ने नीति अनुसार वडा नं २ र ३ मा पायक पर्ने गरी १ ठाउँ तथा वडा नं १० र ११ मा पायक पर्ने गरी १ ठाउँ उपयुक्त स्थानमा आयुर्वेद सेवा केन्द्र स्थापना गर्ने र सेवा केन्द्र रहने उपयुक्त स्थान उक्त वडाबाट प्रतिनिधित्व गर्नहने जनप्रतिनिधिहरुले आपसमा समन्वय गरी तय गर्ने तथा सेवा केन्द्र सञ्चालनका लागि १ जना सम्बन्धित कामका अनुभव प्राप्त थेरापिस्ट तथा अन्य २ महिला तथा २ जना पुरुष जनशक्ति दैनिक ज्यालादारीमा तत्कालका लागि व्यवस्थापन गर्ने निर्णय गरियो।(शनिश्चरे आयुर्वेद औषधालय/क.प्र. शाखा)

४. चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक बजेट अन्तर्गत निम्न शीर्षकहरुबाट खर्च लेख्ने गरी देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्ने ।(सामाजिक विकास/आर्थिक प्रशासन शाखा)

| क्र सं | आयोजना/कार्यक्रमको विवरण | रकम(रु) | खर्च श्रोत |
|---|---|---|---|
| १ | अर्जुनधारा नगरपालिका वडा नं २ बस्ने विद्यार्थी श्री विद्याचल पौडेललाई निजको शैक्षिक योग्यता सम्बन्धि प्रमाणपत्र प्राप्त भए पश्चात नगरपालिकालाई सेवा उपलब्ध गराउने गरी निजको शैक्षिक योग्यता सम्बन्धि प्रमाणपत्र प्राप्त गर्नका लागि | २५०००० | सामाजिक सेवा अनुदान(नगरपालिका) |
| २ | श्रृजनशिल युवा क्लब अर्जुनधारा-२ लाई लागू औषध दुर्व्यसनी नियन्त्रण तथा कोरोना भाइरस विरुद्ध जनचेतनामूलक कार्य सञ्चालन गर्न | ५०००० | सामाजिक सेवा अनुदान(नगरपालिका) |
| ३ | शारिरिक अशक्तता उत्थान केन्द्र लाई इन्डोर खेलकुद प्रतियोगिता सञ्चालनका लागि | ५०००० | सामाजिक सेवा अनुदान(नगरपालिका) |
| ४ | अर्जुनधारा-७ स्थित आधारभुत स्वास्थ्य सेवा केन्द्रको प्रयोगशाला सञ्चालनका | ५०००० | सामाजिक सेवा अनुदान(नगरपालिका) |
| ५ | अर्जुनधारा-५ स्थित एसएण्डएस कृषि फर्मलाई प्रोत्साहन | २५००० | सामाजिक सेवा अनुदान(नगरपालिका) |
| ६ | शनिश्चरे तेक्वान्दो डोजाङको तालिम घर निर्माण,अर्जुनधारा-८ | १००००० | मर्मत सम्भार कोष |
| ७ | पशुपति शिव पाञ्चायन मन्दिर पूर्व सेतिखोला सम्म सडक बत्ती जडान,अर्जुनधारा-१० | ५०००० | विपद व्यवस्थापन कोष |
| ८ | राजवंशी टोल अमृत सुवेदीको घर छेउ प्लम्ब निर्माण,अर्जुनधारा-१० | ६०००० | मर्मत सम्भार कोष |
| ९ | द्रोणाचार्य स्मृति प्रतिष्ठान,भद्रपुर सञ्चालन अनुदान | ३००००० | सामाजिक सेवा अनुदान(नगरपालिका) |

५. बडा दशैं २०७७ को अवसरमा देहाय बमोजिमका सुरक्षा निकायहरुलाई मौलो पुजाका लागि सामाजिक सेवा अनुदान शीर्षकबाट खर्च लेख्ने गरी देहाय बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा)

| क्र सं | सुरक्षा निकाय | रकम(रु) |
|---|---|---|
| १ | सशस्त्र प्रहरी बल वेस क्याम्प कमानबारि | २०००० |
| २ | सशस्त्र प्रहरी बल वेस क्याम्प खुदुनाबारि | १५००० |
| ३ | प्रहरी चौकी शनिश्चरे | २०००० |
| ४ | प्रहरी बिट बसपार्क | ८००० |
| ५ | प्रहरी बिट सालबाडी | १०००० |

६. अर्जुनधारा नगरपालिकाभित्र हालसम्म १४.७ किलोमिटर सडक कालोपत्रे भएकोमा कालोपत्रे सडकका कतिपय सडक खण्डमा तत्काल मर्मत गर्नुपर्ने अवस्था रहेको र तत्काल मर्मत नगरिएमा सडकहरु क्षतविक्षत भई करोडौं रुपैया लगानी गर्दा मात्र मर्मत तथा निर्माण हुन सक्ने र स्थानीयलाई समेत आवागमनमा गम्भिर समस्या हुने भएकोले हाल मर्मत कार्यका लागि गरिएको प्राविधिक ल.ई. अनुसार रु २ करोड २० लाख रुपैयाको लागत तयार भएको हुँदा उक्त सडकहरुलाई निम्न श्रोतबाट खर्च व्यवस्था हुने गरी तत्काललाई बढीमा २ प्याकेज बनाई बोलपत्र आह्वान मार्फत बहुवर्षीय ठेक्का बन्दोवस्त गरी नगरपालिकाको समपूरक कोषबाट खर्च लेखिने बाहेक अन्य शीर्षकबाट यसै आ व मा खर्च लेख्ने गरी सडक मर्मत सम्भार गर्ने निर्णय गरियो । (योजना शाखा/आर्थिक प्रशासन शाखा)

क. १ नं प्रदेश सरकारको चालु आर्थिक वर्ष २०७७/०७८ मा निर्वाचन क्षेत्र विकास कार्यक्रम मार्फत प्राप्त हुने रु ३५ लाख मात्र ।

ख. सडक बोर्ड नेपालबाट चालु आ.व. २०७७/०७८ मा यस्तै प्रकृतिको सडक मर्मतका लागि प्राप्त हुने सुनिश्चित भएको रु ३५ लाख बजेट (सडक बोर्ड नेपालसँग पूर्व सहमति लिई ठेक्का व्यवस्था गर्ने)

ग. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेटको पुँजिगत तर्फ सडक कालोपत्रे गर्नका लागि विनियोजित बजेट रु ३३० लाख मध्ये वडा नं ६,७,८,९,१०,११ का लागि विनियोजित बजेट मध्येबाट प्रत्येक वडाको रु ५ लाखका दरले रु ३० लाख मात्र ।

घ. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेटको पुँजिगत तर्फ मर्मत सम्भार कोषमा रहेको रकमबाट रु २० लाख मात्र ।

ङ. समपूरक कोषमा विनियोजित रु १ करोड ५० लाख मध्ये रु १ करोड मात्र।

७. अर्जुनधारा नगरपालिकाका ११ वटै वडामा खेलकुद प्रवर्द्धनका लागि वडामा रहेका खेलमैदानहरु नगरपालिकाका यान्त्रिक साधनहरु (इन्धन समेत) प्रयोग गरी स्तरोन्नति गर्ने निर्णय गरियो।(खेलकुद विकास समिति/आर्थिक प्रशासन/यान्त्रिक शाखा)

८. अर्जुनधारा नगरपालिका वडा नं ११ स्थित टेकबहादुर गिरी बसपार्कमा आवश्यक रहेको प्रहरी बिट तथा स्वास्थ्य सहायता कक्ष विर्तामोड नगरपालिकासँग ६०/४० प्रतिशतको लागत साझेदारीमा स्थापना गर्ने तथा ,त्यस क्षेत्रको फोहोरमैला समेत सोही अनुपातको साझेदारीमा व्यवस्थापन गर्ने।सोका लागि यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को पूँजिगत तर्फ समपूरक कोषमा विनियोजित रु १ करोड ५० लाख बजेटबाट खर्च लेख्ने र सो कोषमा बजेट अभाव भएमा आगामी नगर सभाबाट बजेट समेत व्यवस्थापन गर्न निर्णय गरियो।(योजना शाखा/स्वास्थ्य शाखा/आर्थिक प्रशासन शाखा)

९. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत शनिश्चरे अस्पतालका(तत्कालिन प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरे) लागि विनियोजित बजेट रु ९ लाखबाट उक्त अस्पताल सञ्चालनका लागि आवश्यक सामाग्रीहरु खरिद गर्न प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो।(स्वास्थ्य शाखा/आर्थिक प्रशानस शाखा)

१०. यस नगरपालिकाको स्वीकृत आइइ प्रतिवेदन अनुसार नदिजन्य समाग्री उत्खननका लागि ठेक्का बन्दोवस्त भएकामा उत्खननका लागि नतोकिएको क्षेत्र समेतबाट नदिजन्य सामाग्री उत्खनन भई रहेको भन्ने गुनासो आएकाले उक्त कार्य रोक्नका लागि जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति तथा जिल्ला अनुगमन समितिमा लेखी पठाउने निर्णय गरियो।(योजना शाखा)

११. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत सडक ग्राभल योजना कार्यन्वयन गर्न नदिजन्य सामाग्री उत्खननका लागि यस नगरपालिका क्षेत्र भएर बहने नदिहरु मध्ये नदिजन्य सामाग्री उत्खननका लागि प्रारम्भिक वातावरणीय परीक्षण(आइइ) गर्न बाँकी भागहरुको आइइ गर्ने निर्णय गरियो।(योजना शाखा/आर्थिक प्रशासन शाखा)

१२. यस नगरपालिकाका सडकहरुको लगत व्यवस्थित गर्नका नगर सडक गुरुयोजना निर्माण गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो। साथै यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत नगर प्रोफाइल निर्माणका लागि विनियोजित बजेटबाट प्रोफाइल निर्माण गर्नका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो।(योजना शाखा/प्राविधिक शाखा/सूचना प्रविधि शाखा)

१३. अर्जुनधारा नगरपालिका भित्र रहेका अव्यवस्थित बसोवास गरि बसेका भूमिहिन सुकुम्वासी तथा ऐलेनी जग्गामा बसोवास गरिरहेका व्यक्तिहरुको लगत संकलनका लागि सबै वडा कार्यालयहरुले लगत संकलन गर्न उपयुक्त ढंगको फारम कार्यालयबाट तयार गरी वडा कार्यालयहरु पठाउने तथा वडा कार्यालयहरुले टोल विकास समितिहरुसँग समन्वय गरी उक्त विवरण संकलन गर्ने निर्णय गरियो। संकलित विवरणहरको व्यवस्थित अभिलेखनका लागि नगर कार्यपालिकाको कार्यालयमा अस्थायी शाखा स्थापना गर्ने र कार्यालयले एक जना अधिकृतस्तर कर्मचारीलाई जिम्मेवारी दिन निर्देशन दिने निर्णय गरियो।

१४. गाउँ तथा नगर सभाका सदस्यहरुको पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा ४ मा व्यवस्था भए अनुसार बडादशैंको समयमा यस नगरपालिकाका सबै जनप्रतिनिधिहरुलाई जनही रु १० हजार चाडपर्व खर्च उपलब्ध गराउने निर्णय गरियो।

१५. यस नगरपालिका क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको कार्य अर्जुनधारा दैवी प्रकोप व्यवस्थापन समितिसँगको सम्झौता अनुसार कैलासघाट क्षेत्रमा हुँदै आएकोमा उक्त क्षेत्रमा अन्य कार्यक्रम सञ्चालन हुने भएकाले अब उप्रान्त यस नगरपालिका क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैला अर्जुनधारा-४ बाँगेडाँगी स्थित श्री तिलकजंग खड्काले उपलब्ध गराउनु भएको जमिनमा व्यवस्थापन गर्ने निर्णय गरियो।

१६. नेपाल पर्यटन बोर्डबाट कोभिड १९ को कारणबाट पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं १ मा सञ्चालन भएको शाकम्भरी मन्दिरको निर्माण कार्य सम्पन्न भएका योजनाहरुको बजेट निकासा नभएको हुँदा यस नगरपालिकाको दायित्व शीर्षकबाट भुक्तानी दिने।

१७. अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधिको दफा २ बमोजिम वस विल्डर्स प्रा.लि. अर्जुनधारा-४ लाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी गर्ने निर्णय गरियो।

१८. अर्जुनधारा नगरपालिका क्षेत्र भित्र रहेका पसल व्यवसाय तथा उद्योगहरुको लगत संकलनका गरी सम्बन्धित वडा कार्यालयमा अभिलेख राख्नु आवश्यक भएकाले लगत संकलनका लागि वडा कार्यालयहरु मार्फत सबै टोल विकास समितिहरु लाई जिम्मेवारी दिने निर्णय गरियो।

१९. यस नगरपालिका स्थापित शनिश्चरे अस्पतालको उद्घाटन समारोह लगायता नगरपालिकाका विभिन्न कार्यक्रममा सहभागितका लागि १ नं प्रदेश सरकारका माननीय सामाजिक विकास मन्त्री श्री जीवन घिमिरे ज्यूको अतिथी सत्कारमा भएको खर्च रु ६८०००/- अनुमोदन गर्ने निर्णय गरियो।

२०. नगर कार्यपालिकाको बैठकबाट भए गरेका निर्णयहरुको प्रभावकारी कार्यन्यवनका लागि कार्यपालिका बैठक पश्चात निर्णय प्रमाणित भई प्राप्त भए पश्चात ३ दिनभित्र सबै वडा कार्यालयहरुले वडा समितिको बैठक बसी आवश्यक कारबाही सञ्चालन गर्ने निर्णय गरियो।(वडा कार्यालयहरु)

२५/०६/२०७७

हरी कुमार राना मगर
नगर प्रमुख